स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



फिल्म 'बलिदान'ले भने सबैभन्दा लामो समय खिचिने फिल्मको कीर्तिमानी बनाएको छ । यो फिल्म खिच्न १ सय २० दिनभन्दा बढी समय लागेको छ । गत भदौ २२ गतेबाट फिल्मको छायांकन सुरु भएको थियो । दशैं र तिहारको समयमा झन्डै एक महिना रोकिएको छायांकन मंसिर ७ गतेबाट पुन: थालिएको थियो । अन्तत: दुई चरणमा गरी चार महिनामा फिल्म 'प्याकअप'भएको छ । मोरङको हसिना सिमसारस्थित बुढासुब्बा मैदानमा फिल्मका मुख्य अभिनेता समीर भट्ट र अभिनेत्री ऋचा शर्माले अन्तिम दृश्य दिए ।

**आजको विचार...**



धर्म...
(दुई पेजमा)

दुर्गा प्रसाद अर्याल

गत माघ १८ गतेबाट प्रदर्शनमा आएको फिल्म 'एक्टर : टेक वन' व्यापारिक रुपमा असफल भइसकेको छ । निर्माता स्वयंले फिल्म नचलेको स्वीकार गरिसकेका छन् । दर्शक नै नआएपछि अधिकांश हलहरुले पनि फिल्म उतारिसकेको अवस्था छ । खल्ती एपमा शनिबार का लागि फिल्मको देशभर एउटा मात्र शो देखिएको थियो । तेस्रो हप्तामा आइपुग्दा एउटा मात्र शो बाँकी भएपछि निर्माताले आइतबारबाट फिल्मको स्थगित गर्ने घोषणा गरेका छन् । माघ १३ गते 'एक्टर'का निर्माताले नाम चोरीको आरोपमा 'एक्टर : टेक वन'विरुद्ध काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरेका थिए ।



❐ वर्ष ३० ❐ अंक २०४ ❐ २०८१ फागुन ४ गते आइतबार 16 February 2025, Sunday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# रम्भाको फोक्सिङ्कोटमा पर्यटन प्रवर्द्धनको लागि 'होमस्टे'

## जनजाति संग्रहालय समेत सञ्चालनमा

**कृष्ण पोखरेल**

**पाल्पा,** फागुन ३/जिल्लाको रम्भा गाउँपालिका-२ स्थित रानीबास फोक्सिङ्कोट गाउँमा सामुदायिक घरबास (होमस्टे) सञ्चालनमा ल्याइएको छ । पर्यटन प्रवर्द्धनका साथै आयआर्जनमा टेवा पुऱ्याउने उद्देश्यले गाउँपालिकाको पहलमा स्थानीयले रानीबास सामुदायिक होमस्टे सञ्चालनमा ल्याएका हुन् ।

यहाँ रैथाने बालीको नियमित उत्पादन, परम्परागत कलासंस्कृतिको जीवन्तता, प्राकृतिक सौन्दर्यता र एकै किसिमको मगर बस्ती भएका कारण नै गाउँपालिकाले होमस्टे सञ्चालनमा सक्रियता देखाएको पालिका अध्यक्ष बिष्णु प्रसाद भण्डारीले बताए । समुद्र सतहदेखी करिब १२०० मिटर उचाईमा रहेको फोक्सिङ्कोट गाउँमा पुग्ने पर्यटकहरुले रानीबास गाउँको बिचमा रहेको चुर्की थान, माछापुच्छ्रे, अन्नपूर्ण, धवलागिरी हिमालसँगै अन्य हिमश्रृंखला,



स्याङ्जाको गल्याङ्ग बजार, रिमीघा लेक र टिमुरडाँडा, आर्यभञ्ज्याङ्ग, तानसेनको श्रीनगर, सिद्धार्थ राजमार्ग, कालीगण्डकी करिडोर, कालीगण्डकी नदी, राम्दीपुल लगायतका चर्चित स्थानहरु अवलोकन गर्न पाउने छन् । होमस्टेमा बास बस्ने पर्यटकहरुले स्थानीय झाम्रे नाच, मारुनी नाच, सालै जो, कौडा, ठूलो नाच, पञ्चेबाजा कलासँस्कृतिको समेत आनन्द लिन पाउने छन् । होमस्टे पुग्ने पर्यटकहरुको लागि अवलोकन गर्न जनजाति संग्रहालय समेत निर्माण गरिएको छ । संग्रहालयमा जनजातिहरुका परम्परागत सिप, कला, कौशलका सरसमान, व्यस्थित रुपमा सजाएर राखिएका छन् । साथै संग्रहालयमा मगर समुदायको भेषभुषा, ऐतिहासिक माटो र काठले बनेका भाडाहरु, हतियार, दैनिक जीवनमा प्रयोग हुने प्राचिन सामानहरु संग्रहालयमा राखिएका छन् । परम्परागत सिपकलाको र आधुनिक सिपकलाको मिश्रणबाट संग्रहालय भवनलाई कुडुले घरमो रुपमा निर्माण गरिएको छ ।

भवन तथा संग्रहालय निर्माणको लागि केन्द्र सरकार पर्यटन मन्त्रालय र स्थानीय सरकारको १ करोड १५ लाख खर्च भएको छ । अहिले फोक्सिङ्कोटमा ९३ घरपरिवार मगर रहेका छन् जसमा १६ घरमा होमस्टे सञ्चालन गरिएको छ भने अन्य घरहरुमा पनि विस्तार गर्ने योजना रहेको रानीबास होमस्टे सञ्चालक समितिले जनाएको छ ।

होमस्टेमा आउने पाहुनाहरुलाई पञ्चेबाजा सहित फुलमाले स्वागत गर्ने, चिया खाजा खुवाउने, साँझको स्थानीय खाना, मासु खुवाउन र मनोरञ्जन गराउने, सफा सुन्दर कोठामा सुताउने, विहान चिया खाजा सहित प्राकृतिक दृश्वालोकन गराउने कार्यक्रम रहेका छन् । त्यहाँ पुग्ने अतिथि सेवाका लागि प्रति व्यक्ति एक हजार रुपैया मात्र सेवा शुल्क लिने नियम बनाइएको होमस्टे सञ्चालक समितिकी अध्यक्ष देउ कुमारी सारुले बताईन् । होमस्टे र संग्रहालयको पाल्पा क्षेत्र नं. २ का प्रतिनिधीसभा सदस्य नारायणप्रसाद आचार्य र लुम्बिनी प्रदेश सरकारका स्वास्थ्य मन्त्री खेमबहादुर सारुले शुक्रबार संयुक्त रुपमा एक औपचारिक कार्यक्रमका बिच शुभारम्भ गरेका हुन् । होमस्टेको शुभारम्भ गर्दै प्रमुख अतिथि आचार्यले ग्रामीण पर्यटन विकासको लागि होमस्टे कार्यक्रम प्रभावकारी हुने बताए ।

...बाँकी अन्तिम पेजमा

### संक्षिप्त समाचार

## बस दुर्घटना हुँदा १२ जनाको मृत्यु



**(रासस/सिन्हुवा)**

**इस्लामावाद,** फागुन ३/ पाकिस्तानको दक्षिणी सिन्ध प्रान्तमा शनिबार तीर्थयात्री बोकेको बस पल्टिँदा १२ जनाको मृत्यु हुनुका साथै अन्य १५ जना घाइते भएका छन् । खैरपुर राष्ट्रिय राजमार्गमा चालकले तीव्र गतिका कारण नियन्त्रण गुमाउँदा दुर्घटना भएको हो ।

यात्रुहरू पूर्वी पञ्जाब प्रान्तबाट सेहवान सहरमा एउटा धार्मिक पर्वका लागि यात्रा गरिरहेका थिए । घाइतेहरूलाई नजिकैको अस्पतालमा लगिएको छ, जसमध्ये धेरैको अवस्था गम्भीर रहेको स्रोतले जनाएको छ । खराब सडक, सडक सुरक्षा नियमहरूको उल्लैन र लापरवाही ड्राइभिङका कारण पाकिस्तानमा सडक दुर्घटनाहरू प्राय: हुने गर्दछ ।

## बेलुन फुट्दा अर्थमन्त्री पौडेल र मेयर आचार्य घाइते



**पोखरा,** फागुन ३/पोखरा भ्रमण वर्ष, २०२५ उद्घाटनका क्रममा आगाको ज्वालाले बेलुन फुट्दा उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेल र पोखरा महानगर प्रमुख धनराज आचार्य घाइते भएका छन् ।

शनिबार पोखरा प्रदर्शनी केन्द्रमा पौडेलले समारोह उद्घाटन स्वरुप बेलुनको झुत्तो उडाउन लागेका थिए । झुत्तो पोखराका मेयर धनराज आचार्यले मन्त्री पौडेललाई हस्तान्तरण गर्दा गर्दै नजिकै झिलझिल बालिएको आगोले टिपेको थियो । त्यही आगोले बेलुनको झुत्तो पड्किएको हो । बेलुनको झुत्तो पड्किँदा अर्थमन्त्री पौडेल र मेयर घाइते भएका हुन् । अर्थमन्त्री पौडेललाई उपचारका लागि गण्डकी मेडिकल कलेज शिक्षण अस्पताल लगिएकोमा थप उपचारका लागि काठमाडौँको कीर्तिपुरस्थित अस्पतालमा लगिएको छ । मन्त्री पौडेलको दुवै हात, अनुहार र घाँटी आसपासमा क्षति पुगेको जनाइएको छ ।

महानगर प्रमुख आचार्यलाई पनि उपचारका लागि फिस्टेल अस्पताल लगिएकोमा थप उपचारका लागि काठमाडौँ पठाइएको छ । मेयर आचार्यको अनुहार तथा गालामा क्षति पुगेको छ ।

## रामपुर नगर सरकारले गऱ्यो तीन सय बढी कुकुरको बन्ध्याकरण



**पाल्पा,** फागुन ३/जिल्लाको रामपुर नगरपालिकाले विगत तीन वर्षको अवधिमा तीन सय बढी सामुदायिक कुकुरको बन्ध्याकरण गरेको छ । सामुदायिक कुकुरको व्यवस्थापन र रेविजको जोखिम न्यूनिकरणका लागि नगर सरकारले शिविरमार्फत सञ्चालन गरेको अभियानमा तीन सय ९ वटा कुकुरको बन्ध्याकरण गरेको हो ।

कुकुर व्यवस्थापन हुन नसकेको गुनासो आउन थालेपछि नगर सरकारले बन्ध्याकरण र रेबिजविरुद्ध खोप अभियान सञ्चालन गर्दै आएको छ । नगर सरकारले गत बुधबारदेखि शुक्रबारसम्म तीन दिन बन्ध्याकरण शिविर सञ्चालन गरेको थियो । उसले वातावरण तथा सामाजिक रुपान्तरणका लागि युवा सिद्धार्थ नगर रुपन्देही र मानव पशु तथा बाली संरक्षणका लागि युवा भरतपुर चितवनको प्राविधिक सहयोगमा शिविर सञ्चालन गरी एक सय १२ वटा कुकुरको बन्ध्याकरण गरेको छ । शिविरमा कुकुरको बन्ध्याकरण तथा रेविज भ्याक्सिनेसनको सेवा दिइएको थियो ।

...बाँकी अन्तिम पेजमा

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## कृषि अनुदान प्रणाली सुधार

किसानको उन्नति र विकासका लागि सरकारले वर्षेनी अर्बौंको बजेट छुट्याएको हुन्छ । त्यही बजेटमार्फत किसानलाई विभिन्न प्रकारका कृषि सामग्रीमा अनुदान, उत्पादनमा आधारित अनुदान, आय सुनिश्चितता अनुदान दिने गरिन्छ । हरेक वर्ष पशुपालन र उन्नत खेतीदेखि कृषि औजार खरीदमा अनुदानका कार्यक्रम चलेका छन् । कृषिमा त्यस्ता क्षेत्र कमै छन् जसमा सरकारी अनुदान र सुविधाको घोषणा नभएको होओस् । तर, जब घोषित कार्यक्रमको कार्यान्वयनको कुरा आउँछ, तब यस्ता अनुदान र सुविधा सामान्य किसानले पाउनै नसकेको तथ्य छताछुल्ल हुन्छ ।

वास्तविक किसानले प्रक्रियागत झमेलाका कारण अनुदानको दाबी नै गर्न नसक्ने स्थिति छ । अर्कोतिर, राजनीतिक वा प्रशासनिक पहुँच भएका व्यक्तिले भने कृषिकर्ममा संलग्न नै नरही अनुदान लिने गरेका छन् । उनीहरू कागजी कृषक मात्रै हुन्छन् । कतिपयले वास्तविक किसानको अन्योल वा अज्ञानतालाई दुरुपयोग गरेर अनुदान लिने गरेका छन् । कृषिसँग कुनै साइनो नै नभएका धूर्त व्यक्तिले सहजै अनुदान प्राप्त गर्न सकिने छिद्रबाट छिरेर लाभ लिइरहेका छन् । यसबाट सरकारको ठूलो रकम कृषि क्षेत्रको विकासका लागि खर्च भइरहेको देखिन्छ । यथार्थमा त्यस्तो रकम कृषक वा कृषि क्षेत्रमै नपुग्ने गरेको छ । परिणामत: अनुदानको रकम बढिरहने तर कृषि उत्पादन भने अपेक्षाकृत बढ्न नसक्ने भइरहेको छ । त्यति माात्र होइन कृषि पेशामा नयाँ पुस्ता जोडिन सक्ने वातावरण सिर्जना हुन सकेको छैन । जसले गर्दा आज अनुदानदेखि स्वयं कृषि क्षेत्र लथालिङ्ग बनिरहेको छ । यो अत्यन्त दुखको कुरा हो । यस्ता विकृति रोक्न वास्तविक किसानले मात्रै अनुदान पाउने प्रणाली विकास गर्नेदेखि तीनै तहका सरकारबीच समन्वयन स्थापित गरेर अहिलेसम्म कायम दोहोरोपन अन्त्य गर्नेसम्मका अनेकौं सुधारका काम गर्न आवश्यक छ । अर्कोतर्फ अनुदान रकमको चरम दुरुपयोग गर्ने व्यक्ति, समूह र संस्था तथा मिलेमतो गरेका सरकारी कर्मचारी तथा दातृ निकायको आयोजनालाई छानबिनको दायरामा ल्याउनैपर्छ । यसो गर्न सके मात्र कृषि अनुदानमा हुने दुरुपयोग केही हदसम्म भए पनि रोक्न सकिन्छ । अन्यथा अनुदानमा रजाई गर्ने मौलाउदै जाने छन् ।

### Opinion @ Social Network

न त कसैसँग प्रतिस्पर्धा गर्नु छ, न त रिस छ, न त डाह कसैको ।
बस, आफू ठीक बाटोमा हिँड्नु छ ।

*(सन्तोष पोखरेलको फेसबुक स्टाटस https://www.facebook.com/santosh.pokharel.12327)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# धर्म र यस माथि उब्जेका सवालहरु




पछिल्लो समय नेपाली समाजमा राजनीतिसँगै जल्दो बल्दो चर्चाको विषय बनेको छ धर्म र धार्मिक संस्कार । धर्मकै नाममा राजनीति, धर्मकै नाममा व्यवसाय, धर्मकै नाममा अनैतिक कार्य, धर्मकै नाममा विवाद र बहस यसका केहि पछिल्ला उदाहरण हुन् । धर्म महान हो यसका विकृत र अपाच्य पक्षहरुको बिरोध गर्न नै हुँदैन् । जीवनमा अप्ठयारो आइपर्छ की ? भन्ने मानसिकताले मौनतामा धर्मालम्वीहरु देखिन्छन् । धर्मलाई पाप र पुण्यसँग जोड्ने परम्पराले गर्दा पनि एक चुपचाप मानिसहरु यसलाई स्वीकार गरेको पनि देखिन्छ । धर्मका नाममा अपराधजन्य कार्य गरेर धेरैले आफ्नो स्वार्थ परिपूर्ति गरेको पनि देखिन्छ । बिरोध गर्न नमिल्ने ,आलोचना गर्न नमिल्ने, चुपचाप अपनाउनै पर्ने धर्म र अबलम्बन गरिएका विभिन्न धार्मिक संस्कार, रितीथिति परम्परा अवलम्वन गर्दा उत्पन्न विकृत्ती र यससँग सम्बन्धित विविध पक्षलाई लिएर यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

राज्य व्यवस्था, राज्यका अग र ऐन नियमको अभावमा मानिसलाई नैतिकवान र कर्तव्यनिष्ठ बनाउन तयार पारिएको स्वतस्फुत विकास गरिएको एक विधिको रुपमा यसलाई लिन सकिन्छ । धर्मको खास अर्थ र परिभाषा यहि भनि आधिकारीक रुपमा भन्न नसकिएता पनि यसले विशेषत जीवन जीउने पद्धती सिकाउँदछ । मानिसलाई सामाजिक र सर्व संचेत प्राणीमा रुपान्तरण गर्न सहयोग पुर्याउँदछ । धर्म विशेष गरेर कर्तव्य, सत्कर्म र लोकको रक्षासँग जोडेर हेर्ने पनि गरिन्छ । धर्म एक काल्पनिक वैदीक सनातन पद्यती हो । यसको सुरुवात कहिले भयो, कसबाट भयो आधिकारीक प्रमाणिक लिपि भेटिदैन् । तर यस माथि विविध तर्कहरु पेस नभएका भने होइनन् । विशेषत यो व्यक्तिगत आख्यान्मा केन्द्रीत रहेको देखिन्छ । यो स्थान ,मानिसहरुको बसोबास समुह,भाषा र जीवनशैली फरक-फरक भएकैबाट फरक-फरक धर्मको विकास र प्रचलन भएको भन्दा दुईमत नरहला । धर्म र धार्मिक क्रियाकलाप सञ्चालन गर्ने क्रममा परम्परागत शैली र तरिकालाई त्यागदै देखासिकी र प्रर्दशन प्रभावमा पर्दा यो अलि आलोचनायुक्त र विकृत्त हुँदै गएको देखिन्छ । यसका केहि विकृत र आलोचनायुक्त पक्षहरुमा :

> *धर्मलाई पाप र पुण्यसँग जोड्ने परम्पराले गर्दा पनि एक चुपचाप मानिसहरु यसलाई स्वीकार गरेको पनि देखिन्छ । धर्मका नाममा अपराधजन्य कार्य गरेर धेरैले आफ्नो स्वार्थ परिपूर्ति गरेको पनि देखिन्छ । बिरोध गर्न नमिल्ने ,आलोचना गर्न नमिल्ने, चुपचाप अपनाउनै पर्ने धर्म र अबलम्वन गरिएका विभिन्न धार्मिक संस्कार, रितीथिति परम्परा अवलम्वन गर्दा उत्पन्न विकृत्ती र यससँग सम्बन्धित विविध पक्षलाई लिएर यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ । राज्य व्यवस्था, राज्यका अग र ऐन नियमको अभावमा मानिसलाई नैतिकवान र कर्तव्यनिष्ठ बनाउन तयार पारिएको स्वतस्फुत विकास गरिएको एक विधिको रुपमा यसलाई लिन सकिन्छ ।*

**धर्म परिवर्तन र यसको किनबेच :** धर्म आदिम समयदेखि चलेको परम्परा हो । यो मानिसले मानिसलाई कर्तव्यनिष्ठ र नैतिकवान बनाउनको लागि तयार गरिएको अलिखित दस्तावेज नै हो । आज भोली धर्म परिवर्तनका नाममा भईरहेको किनबेचले यसलाई विकृत्त बनाउदै लगेको देखिन्छ । के साच्चै धर्मको पनि किनबेच हुन्छ र ? त्यो पनि विकसित र उच्च साक्षर अबस्था भएका देशहरु बाट । यसले सबै धर्मको उद्देश्य एउटै हो प्राप्त गर्ने तरीका मात्रै फरक हो भन्ने भनाईलाई गिज्याईरहेको अनुभुती गराउँदछ । गरिब र सक्षारता न्यून भएका देशहरुबाट भन्दा साक्षर र प्रतिष्ठीत देशहरुबाट विकास र सहयोगका नाममा प्रत्यक्ष र अप्रत्यक्षरुपमा धर्म परिवर्तनका कार्य सञ्चालन भैरहेको देखिन्छ । विशेष गरेर गरिब, विकासोन्मुख, राजनीति अस्थिरता र सरकार अभिभावकविहिन जस्तो भएका देशमा यो कार्यले तिव्रता पाएको देखिन्छ । विशेषत: हिन्दु धर्म माथि यो प्रहार तिव्ररुपमा भएको देखिन्छ । योजना नै बनाएर हाम्रा जस्ता देशहरुमा धर्म परिवर्तनको मन्द युद्ध चलाई रहेको देखिन्छ । यस्ता कार्यले सबै भन्दा सचेत र चेतनशील मानिने मानव जगतलाई नै गिज्याई रहेको देखिन्छ भने यसले धर्मलाई विकृत्त बनाएको छ ।

**धर्म भित्र छिरेको व्यापार :** पछिल्लो समय धर्म भित्र व्यवसायिकता र व्यापार छिरेको देखिन्छ । धार्मिक क्रियाकलाप आर्थिक र लेनदेनसँग जोडिन थालेको छ । विशेषत: हिन्दु धर्म भित्रका विभिन्न संस्कारहरु मनाउने क्रममा व्यवसायिकता र व्यापारको झल्को देखिन्छ । आवश्यक धार्मिक सामग्रीमा मनोमानी मूल्य निर्धारण, धार्मिक सामग्री बिक्रि पसल पिच्छे फरक-फरक मूल्य निर्धारण, बार्गेनिङ जस्ता विकृत्ती छिरेको देखिन्छ । यसमा राज्यले नियन्त्रण गर्न भने सकेको देखिदैन् । धार्मिक पुराण, भागवत सप्ताह तथा अन्यका नाममा गरिने आर्थिक लेनदेन, दक्षिणाका नाममा गरिने बार्गेनिक, अनावश्यक पुजा सामग्रीको खरीद, धार्मिक कार्यमा विधिको अभाव, विधि पुर्याउनुको विकल्पमा धेरै संख्या पुर्याउने दौडधुप । धार्मिक क्षेत्रमा लागेका धार्मिक व्यक्तिबाट समाज र व्यवहार परिवर्तन गर्नुको बदलामा गरिने लोभ र लालचले धर्म र धार्मिकतामा विकृत बनाउदै लगेको देखिन्छ ।

**धार्मिक प्रवचनकर्ता :** पाठ्यक्रम परिवर्तन नहुने स्थायी, सरकारको व्यबस्थापनमा शुन्य हात र अनुगमनको अभाव, धर्मालम्वीले प्रश्न उठाउन नमिल्ने भन्दैमा जो पनि धार्मिक प्रवचनकर्ता बन्ने यज्ञ सञ्चालन गर्दै हिड्ने कुनै अनुमति पनि नचाहिने प्रवृत्तीले धर्म र धार्मिक क्षेत्रलाई आलोचना र यस माथि उत्पन्न आस्था माथि ह्रास आउदै गएको देखिन्छ । अध्ययन होस् या नहोस् , योग्यता होस् या नहोस् दुई चार महिना अभ्यास गरेकै भरमा जो पनि प्रवचन कर्ता बन्ने प्रवृत्ती पछिल्लो समय हिन्दु धर्ममा मौलाउदै गएको देखिन्छ । यसले हिन्दु धर्मलाई नै विकृत बनाउँदै लगेको देखिन्छ । यसमा नियन्त्रण र व्यवस्थापनको खाँचो देखिन्छ ।

**खर्चिलो :** हिन्दु धर्म र यस अन्तर्गतका संस्कारहरु अवलम्वन गर्ने क्रममा धेरै खर्च गर्नु पर्ने अवस्था उत्पन्न हुँदै गएको देखिन्छ । जन्मदेखि मृत्युपछि सम्मका विभिन्न संस्कार मनाउनु बाध्यात्मक जस्तै भएका छन् । हुने र हुँदा खानेबिच ठूलो खाड्ल नै बढाउदै लैजाने खालको रहेको देखिन्छ । संस्कार अबलम्वन गर्दा धनी र गरीवविच विधि र शैलीमा नै भिन्नता देखिन्छ । जीवन रहँदा गरिने खर्च भन्दा मृत्युपछि गरिने प्रक्रिया झन्झट, लामो समय लाग्ने, खर्चिलो भएकै कारण मानिसहरुमा धर्म परिवर्तनको मोह बढ्दै गएको हो की ? अनुमान लगाउन सकिन्छ । सकि नसकि ऋण खोजेरै गर्नु पर्ने हाम्रा खर्चिला धार्मिक संस्कारहरुले पनि हिन्दु धर्मको आस्था र यसलाई विकृत बनाउँदै लाने पक्ष बनेका छन् ।

**धर्म र राजनीति :** धर्मलाई विकृत गराउने पक्षको रुपमा यसमा पछिल्लो समय छिरेको राजनीति हो । धर्मलाई राजनीतिसँग जोड्न खोज्दा यसमा विवाद उत्पन्न भएको देखिन्छ । सयौं शताब्दीदेखि मिलेका जनतामा धर्मका नाममा दरार र राजनीति गर्ने नेतृत्वले गर्दा यस माथि वितृष्णा उत्पन्न गराएको देखिन्छ । धार्मिक निरपेक्षताको नाममा धर्ममा विवाद सिर्जना गर्नु यो एक कारण हो । आस्था र एकतामा खलबल ल्याउने र धार्मिक विवाद सिर्जना गरि संकीर्ण राजनीतिक स्वार्थ पुरा गर्ने आधार हो । धर्मलाई राजनीति स्वार्थ पुरा गर्ने हतियार बनाउने स्वार्थबाट माथि उठ्न जरुरी देखिन्छ । धर्म निरपेक्षता र हिन्दु राष्ट्रका नाममा धार्मिक विवाद उत्पन्न गराउनु धर्मको आस्था र विश्वासमा कमी ल्याउने नियत रहेको देखिन्छ ।

**के गर्ने त ?**

- उपयुक्त नीतिको व्यवस्था गर्ने ।
- यसलाई व्यवस्थित बनाउनको लागि छलफल र बहस सञ्चालन गर्ने ।
- जनतालाई सचेत र जागरुक बनाउँने ।
- धार्मिक संस्कार विधिमा एक रुपता अपनाउने ।
- धार्मिक तथा पुजा सामग्रीको मूल्य निर्धारण गर्ने ।
- धार्मिक कार्य सम्पन्न गर्न मितव्ययीता अपनाउँने ।
- धर्म परिवर्तन गराउनेलाई कडा सजायको दायरामा ल्याउने ।
- सरकारको अनुमति विना विभिन्न नाममा धार्मिक कार्य आयोजना गर्न नपाउँने ।
- अभियान्ताको योग्यता अनिवार्य तोक्ने ।
- सरकारी दर्ताको व्यवस्था गर्ने ।
- करको दायरामा ल्याउने ।
- प्रभावकारी अनुगमन र निर्देशनको व्यवस्था गर्ने ।
- धार्मिक सहिष्णुता कायम गर्ने ।
- धार्मिक क्षेत्रहरुलाई व्यवस्थित र पारर्दशी बनाउने ।

**निष्कर्ष :** धर्म आस्था र जीवन जीउने पद्धती हो । यो विवादीत र आलोचित हुनुहुँदैन् । धर्म र यससँग जोडिएका हाम्रा संयौ संस्कारहरुलाई देखावटी, आडम्बरी र धनी र गरीबबिचको खाड्ल बढाउँदै लाने प्रवृत्तिबाट जोगाई मितव्ययी बनाउदै लानु जरुरी देखिन्छ । धार्मिक संस्कार स्थायी हुनुहुँदैन् । समय अनुशार परिवर्तनशिल र व्यवस्थित बनाउँदै लानु जरुरी देखिन्छ । धर्म माथि पछिल्लो समय विकास हुँदै गएका विकृतिको अन्त्य गरी यसलाई आस्थाको केन्द्र बनाउन जरुरी देखिन्छ । यसलाई विवाद र स्वार्थ भन्दा टाढा राख्नु जरुरी देखिन्छ । यसका लागि राज्यले आवश्यक नीति बनाउन जरुरी देखिन्छ भने आम धर्मालम्वी आ-आफ्नो ठाउँमा लाग्नु पर्ने देखिन्छ । यसो गर्न सकेमा धर्म र धार्मिकता माथि आम जनताको आस्था र विश्वासमा वृद्धि गर्न सकिने थियो की ?

***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : कार्यक्षेत्रमा अधिकारी वर्गहरूको साथ र सहयोग मिल्नेछ। | **तुला** : मनोरञ्जनात्मक क्रियाकलापमा सहभागी भइनेछ। |
| **वृष** : प्रेम सम्बन्धमा अविश्वासको भावना निर्माण हुन सक्ला सावधान रहनुहोस्। | **वृश्चिक** : रोजगारको नयाँ अवसर प्राप्त हुनेछ। नयाँ योजनाहरू प्रारम्भ हुनेछन्। |
| **मिथुन** : अधिकार प्राप्तिको लागि संघर्ष अलि धैरै गर्नुपर्ला । काममा लाभ नहोला । | **धनु** : प्रतिष्ठित काम गर्ने अवसर मिल्नेछ।आध्यात्मिक क्षेत्रमा रुचि बढ्नेछ। |
| **कर्कट** : आर्थिक पक्ष मजबुत रहनेछ । घरको धन खर्चका योग छन् । | **मकर** : घरपरिवारमा रमाइलो र मंगल कार्यको योग छ।मनमा खुसी छाउँनेछ। |
| **सिंह** : वैदेशिक रोजगारबाट लाभ मिल्नेछ। राजनीतिक क्षेत्रमा सफल भइनेछ। | **कुम्भ** : विद्यार्थीहरूको पढाइ लेखाइमा प्रगति हुनेछ। राजनीतिक कार्यमा सफल मिल्नेछ। |
| **कन्या** : विद्यार्थीहरूलाई उच्च अध्ययनमा राम्रो सफलता मिल्नेछ । | **मीन** : कार्यक्षेत्रमा सहयोगीहरूको साथ मिल्नेछ। |

# कृषि

## पानी नपरी बित्दै हिउँद, किसानलाई बाली बिग्रने चिन्ता



यसपालि सिङ्गो हिउँद पानी नपरी बित्नै लाग्दा किसान निरास छन् । वसन्तपञ्चमी पर्व मनाइसक्दासम्म पानी पर्ने चालचुल नदेखेपछि महोत्तरीका किसान अहिले अपेक्षित हिउँदेबाली नहुने चिन्ताले पिरोलिएका छन् । 'हिउँद पानी नपरी बित्यो', बर्दिवास-९ टोकीटोलका ६० वर्षीय किसान रामचन्द्र थापा मगर भन्छन्, 'खै हिउँदे बाली राम्ररी भित्र्याउन पाइएला जस्तो छैन ।' कुलोको स्थायी सिँचाइको प्रबन्ध नभएको आफ्नो ठाउँमा इनारको पानी मोटरले तानेर बाली सेचन गर्ने गरिएको उनको भनाइ छ । यसपालि अहिलेसम्म हिउँदे वर्षा नहुँदा इनारमा पानीको सतह गहिरिँदै गएर मोटरबाट पानी तान्न नसकिने अवस्था बनेको थापासहित टोकीटोलका किसानको चिन्ता छ । माघ अन्तिम साता लागि सक्दा हुस्सुले छाडेको छैन ।

हिउँदमा हुस्सु लाग्नु स्वभाविक भए पनि माघ लागेपछि घाम तात्दै जाने पुरानो मौसमको थिति खलबलिएको किसान बताउँछन् । 'आकास धुम्मिएको धुम्मियै छ, पानी पर्न सकेको छैन', बर्दिवास-७ का ७० वर्षीय विन्देश्वर यादव भन्छन् । खेतबारीमा तरकारी बाली हुस्सुले कक्रदै तथा पानी नपरेर माटो रुखिएको उनले बताए । भद्राहा-४ रामनगरका ७५ वर्षीय इस्लाम राइन भन्छन्, 'यो हामीले पहिले देखे भोगेभन्दा फरक हुँदैछ ।' एक दशक अघिसम्मका ऋतुपिच्छेका मौसममा गरिने अड्कल अब मेल खान छाडेको राइनकै छिमेकी जव्वार शेष बताउँछन् । हिउँदे पानी नपर्दा गहुँ, उखु र दलहन बाली राम्ररी बढ्न सकेको छैन । यसैगरी भण्टा, रामतोरीया, खुर्सानीलगायत तरकारी पानी नपर्दा ओइलिन लागेका छन् । माटोमा चिस्यान नहुँदा पर्खनुको विकल्प नरहेको गौशाला-११ का भोगेन्द्र महतो बताउँछन् ।

हिउँदे वर्षा जमिन भिजाउने मात्र नभई बालीनालीका लागि अत्यन्त पोसिलो हुने पाका किसान बताउँछन् । भर्खरै हुर्कदै गरेका वैशाखी लहरे तरकारी, उखु , आँपसहितका फलका रुख हिउँदे वर्षा पाएपछि लहलहाउने पाका किसानको अनुभव छ । तर, यसपाली वर्षा नै नभई हिउँद बित्दै गएपछि यी बालीबाट अपेक्षित उत्पादन लिन नसकिने किसानमा चिन्ता बढेको छ । हिउँदमा पानी नपरेपछि खानेपानीका स्रोतहरु इनार, चापाकल गर्मी चढेसँगै चाँडै सुक्छन् । खानेपानीको हाहाकार पर्नसक्ने बर्दिवास-१२ बिजलपुराका ६५ वर्षीय किसान रामविलास सिंह बताउछन् । हिउँदमा पानी नपरेपछि अहिले माघ नसकिँदै खोल्साखोल्सी सुकी सकेका छन् । सदाबहार भुल्के (जरुवा) पानीको मुहानमा पानी देखिन छाडेको छ । हिउँदे वर्षा नभएपछि फलका रुखमा मज्जर (मञ्जरी) कम लाग्ने, मज्जर धेरै झर्ने र मधुवारोगको प्रकोप बढ्ने चिन्ता छ । हिउँदमा पानी पर्दा बालीनालीमा रोगको प्रकोप कम हुने र बाली हलक्क बढ्ने किसानको अनुभव छ । हिउँदे सम्यक वर्षा बालीनालीलाई अमृत नै हुने औरही-७ का मोहन महतो बताउछन् । 'हिउँदे वर्षा सिँचाइ मात्र हैन, बालीको पोषण र रोग प्रतिरोधका लागि रामवाण हुन्छ', उनी भन्छन् । महोत्तरीको कूल ७० हजार हेक्टर खेतीयोग्य जग्गामध्ये १० प्रतिशत मात्र कुलो लाग्ने छ । यस्ता जग्गामा पुगेका कुलोको पानीका स्रोतका मुहान पनि हिउँदे वर्षा नभएपछि सुक्दै गएका छन् । -रासस

## भारत बायोटेक नेपालमा बेच्न चाहन्छ लम्पीस्किन विरुद्धको खोप




भारत बायोटेकले नेपाललाई लम्पीस्किन विरूद्धको खोप सहुलियत मूल्यमा उपलब्ध गराउने बताएको छ । भारत बायोटेकका कार्यकारी अध्यक्ष डा. कृष्णा एल्लाले नेपालीले नेपालका किसानका लागि सहुलियत मूल्यमा लम्पीस्किन रोगविरुद्धको खोप उपलब्ध गराउने बताए ।

हैदराबादस्थित कम्पनीको कार्यालयमा उनले कम्पनीले उक्त रोग विरूद्ध 'बायोभेट' खोप उत्पादन गरेको बताए । कम्पनीले उत्पादन गरेको बायोभेट खोपले भारतको औषधि नियामक निकायबाट स्वीकृति प्राप्त गरिसकेको छ । कम्पनीले उत्पादन गरेको उक्त खोपलाई सेन्ट्रल ड्रग्स स्टान्डर्ड कन्ट्रोल अर्गनाइजेसनले स्वीकृति दिइसकेको उनको भनाइ छ । 'उक्त खोपको प्रयोगबाट ठूलो संख्यामा गाईभैंसी बचाउन सहयोग पुग्नेछ । हामी सहुलियत मूल्यमा खोप दिन तयार छौं,' उनले भने । केही समयअघि नेपालमा महामारी रूपमा फैलिएको लम्पीस्किन रोगबाट ६० हजारभन्दा धेरै गाईवस्तु मरेको पशुसेवा विभागका सूचना अधिकारी डा. सुधिरकुमार सिंहले जानकारी दिए । अहिले नेपालमा लम्पीस्किन महामारी नियन्त्रित अवस्थामा छ । तर पूरै उन्मुलन भइसकेको छैन । पूर्वी नेपाल लगायत केही जिल्लामा फाट्टफुट्ट यो समस्या देखिइरहेको सूचना अधिकारी सिंहले बताए । लम्पीस्किन विरूद्ध खोपको प्रयोग र चिसो सिजन सुरू भएसँगै धेरै हदसम्म लम्पीस्किन रोग नियन्त्रणमा आएको उनको भनाइ छ । 'हामीले गएको जेठ असारमा १० लाख डोज खोप वितरण गरियो । फेरि १४ लाख डोज खरिद सम्झौता भइसकेको छ ।

आउने क्रममा छ,' उनले भने । उनले कुनै मुलुक लक्षित गरेर खोप ल्याउने भन्दा पनि बोलपत्र आह्वान गर्दा जसले सस्तोमा उपलब्ध गराउँछ त्यहिँबाट ल्याउने बताए । 'अहिले हामी एक डोजको २८ देखि ३० रूपैयाँमा खरिद गरिरहेका छौं । सरकारले यस्तो खोप नि:शुल्क उपलब्ध गराइरहेको छ,' उनले भने ।

**-सेतोपाटी डटकम**

## ताराखोलाको सिस्नो पाउडर जापान र कोरियासम्म



बाग्लुङ ताराखोला गाउँपालिका-५ बारडुलेकी ४६ वर्षीया मनकली घर्ती मगरले २०६७ सालदेखि सिस्नोको पाउडर उत्पादन गर्दै आएकी छन् । बारीको कान्नामा खेर गइरहेको सिस्नोलाई प्रशोधन गरी पाउडर बनाएर देशका ठूला सहर र विदेश पठाउने गर्छिन्, मनकली । चौध वर्ष अगाडि जिल्ला लघु उद्यम सैले दिएको पाँच दिनको तालिमले उनलाई उद्यमी बनायो । उद्यमीसँगै अहिले उहाँ प्रशिक्षकका रूपमा ज्यादा चिनिन्छन् ।

विहान बेलुका घरको काम धन्दामा व्यस्त हुने मनकली फुर्सदको समयमा कान्नामा उम्रिएको सिस्नो टिपेर प्रशोधन गर्छिन् । आवश्यक मेसिन नहुँदा पनि उनले घरेलु सामग्री प्रयोग गरी सिस्नोका पाउडर उत्पादन र प्याकेजिङ गर्छिन् । गाउँमा कसैले पनि सिस्नो बिक्री हुन्छ भन्ने विश्वास गर्दैनथे । तर, अहिले विदेशदेखि नै माग आउन थालेपछि गाउँले पत्याउन थालेका छन् । ताराखोलामा मनकली सिस्नोको पाउडर उत्पादन गर्ने र अरुलाई प्रशिक्षण दिन एक्लो महिला हुन् । घर्ती मगरले कक्षा पाँचसम्म अध्ययन गर्नु भए पनि सिस्नो पाउडर बनाउन सिक्नेका लागि शिक्षक नै बनेकी छन् । गाउँमा एक पटक लिएको तालिमले मनकलीको दैनिकी नै फेरिँदै गएको छ । घरको काम धन्दामा मात्रै सीमित उनी अहिले फुर्सद्को समयमा बारीको सिस्नो टिप्ने र पाउडर बनाउने गर्छिन् । दुर्गम गाउँको सामान्य परिवारकी घर्ती मगरका तीन छोरी र एक छोरा छन् । श्रीमान् भने रोजगारीको सिलसिलामा मलेसिया छन् । बागलुङमा अहिलेसम्म व्यवसायिकरूपमा सिस्नोको पाउडर उत्पादन हुन सकेको छैन । धेरै महिलाले तालिम लिए पनि व्यवसायिक रूपमा उत्पादन गर्न तर्फ चासो दिन सकेका छैनन् । सिस्नोको पाउडर उत्पादन गर्न निकै झण्झटिलो र धेरै समय लाग्ने हुँदा धेरैले चासो नदिने मनकली बताउँछिन् । एक महिनामा करिब १५ किलो पाउडर तयार गर्न सकिने उनको भनाइ छ । एक किलो पाउडर उत्पादनका लागि करिब १० किलो काँचो सिस्नो आवश्यक पर्ने सुनाउँदै उनले बढी मेहनत र कम आम्दानी हुने हुँदा धेरैले चासो नदिएको बताईन् । विदेश जाने धेरैको रोजाइमा सिस्नाको पाउडर पर्ने हुँदा प्रतिकिलो दुई हजारसम्म लैजाने गरेको घर्ती मगरले सुनाईन् । आफुले फुर्सद्को समयमा मात्रै पाउडर उत्पादन र प्याकेजिङ गर्ने गरेपनि वार्षिक तीन लाखको हाराहारीमा आम्दानी गर्ने उनको भनाइ छ । पहिलेको तुलनामा पछिल्लो समय पाउडरको माग बढ्दै गएको छ भने मूल्य पनि बढ्दै गएको छ ।

डेढ दशक अगाडि गाउँका अरु महिलाले पनि तालिम लिए पनि उनीहरुले खास्सै चासो दिएनन् । मनकली एक्लैले निरन्तर मेहनत गर्दै जाँदा अहिले अन्य महिलाका लागि प्रेरणाको स्रोत बनेकी छन् । समय-समयमा उनी तालिम दिनका लागि ठाउँ-ठाउँ पुग्छिन् । सिस्नोको पाउडरको माग नेपालमा भन्दा बढी विदेशबाट आउने मनकली बताउँछिन् । आधुनिक उपकरण भए त्यसभन्दा बढी कमाई गर्न सकिने भन्दै अब व्यवसायलाई थप व्यवस्थित गर्दै खेतबारीमा सिस्नोको खेती गर्ने योजना रहेको मनकलीले सुनाईन् । राज्यले आफूजस्ता उद्यमीलाई व्यवस्थित रूपमा उद्यम गर्न सघाउने भए धेरै महिलाको दैनिकी बदलिने उनको भनाइ छ । -रासस

## जलवायु परिवर्तनको असर सुन्तलाखेतीमा



तीन दशकअघिसम्म लटरम्म सुन्तला फल्ने म्याग्दीको रघुगङ्गा गाउँपालिका-३ मौवाफाँटका नीलकण्ठ सुवेदीको बगैंचा अहिले रित्तिएको छ ।

'स्वादिलो, रसिलो हुने भएकाले गलेश्वर र बेनीमा मौवाफाँटको सुन्तला खोसाखोस हुन्थ्यो', सुवेदीले स्मरण गरे, 'अहिले मौवाफाँटमा सुन्तला उत्पादन हुनै छाड्यो । बगैंचा पनि नासियो ।' कुनै समय राम्रो चर्चा र धेरै माग हुने मौवाफाँटको सुन्तला हाल एकादेशको कथाजस्तै भएको सुवेदीले बताए । उनीकहाँ मात्र नभएर मौवाफाँटमा अहिले कसैको घरमा पनि बगैंचा छैन । एक जनाको एक सय बोटसम्म सुन्तलाको बगैंचा थियो । बीसभन्दा बढी बगैंचा थिए ।

चिमखोला, दग्नाम, कुइनेमङ्गलेका बासिन्दाले कोदो, मकै, आलु ल्याएर मौवाफाँटबाट सुन्तला साटेर लैजान्थे । आलु र सुन्तलाको वस्तु विनिमय गर्ने चलन थियो । मौवाफाँटका क्षेत्री, बाहुन, ठकुरी र चिमखोला, दग्नामका मगर, कुइनेङ्लेका छन्त्याल जातीबीच मितेरी साइनो लगाउने चलन पनि थियो । केही वर्षयता घरायसी उपभोगका लागि लगाएको सुन्तलाको बोटमा पनि फल लाग्न छाडेको मौवाफाँटका बासिन्दा हरि सुवेदीले बताए । तापक्रम वृद्धिको असर र माटोमा अम्लियपना बढेका कारण मौवाफाँटबाट सुन्तला नासिएको उनले बताए । टुनीको रूखहरू फैलिँदा सुन्तला खेतीमा असर परेको पनि उनको अनुभव छ । दाना सानो लाग्ने, पात पहेँलो भएर झर्ने, हाँगा सुक्नेजस्ता समस्या देखिएको सुवेदीले बताए । रघुगङ्गा गाउँपालिकाको केन्द्र रहेको मौवाफाँट समुद्री सतहदेखि एक हजार दुई सयदेखि एक हजार चार सय मिटरको उचाइमा छ । मौवाफाँट त्यसभन्दा माथिल्लो क्षेत्रमा पर्ने फूलबारी, दुलेपानी र बुक्लमा सुन्तलाखेती राम्रो हुन थालेको छ । फूलबारी, दुलेपानी र बुक्ल समुद्री सतहदेखि एक हजार पाँच सय मिटर हाराहारीको उचाइमा छन् । तापक्रम वृद्धिको असर सुन्तलाखेतीमा देखिएको कृषि ज्ञान केन्द्र म्याग्दीका प्रमुख सञ्जीव बास्तोलाले बताए । 'सुन्तलाखेतीका लागि समुद्री सतहदेखि नौ सयदेखि एक हजार पाँच सय मिटर उचाइको भूगोल उपयुक्त भए पनि पछिल्लो समय माथिल्लो क्षेत्रमा खेती हुन थालेको छ', उनले भने, 'यसअघि सुन्तला फल्ने तल्लो क्षेत्रमा उत्पादन नहुने र माथिल्लो क्षेत्रमा राम्रो उत्पादन हुन थाल्नुलाई तापक्रम वृद्धिको असरका रूपमा लिएका छौं ।' हावापानी, मौसम र माटोको परीक्षण गरेर मात्र सुन्तला बगैंचा स्थापना गर्नुपर्ने उनले कृषकलाई सुझाव दिनुभयो । पुराना बगैंचामा फल टिपेपछि मल र पानी हाल्न, बोडोपेष्ट लगाउन बास्तोलाले सुझाए ।

म्याग्दीमा आठ सय १० हेक्टर क्षेत्रफलमा सुन्तलाखेती भएकोमा चार सय २५ हेक्टरमा फल लाग्ने गरेको कृषि ज्ञान केन्द्रको तथ्याङ्क छ । राखु, मरेक, सुर्केमेला, बरङ्जा, भेडाबारी, अर्मन, रून्मा, बिम, ओखरबोट, ताकम, घतान, पिप्ले, भगवति, बेग, दोवा, दोसल्ले, घार, भुरूङ तातोपानी, दाना र नारच्याङमा दुई सयभन्दा बढी सुन्तला बगैंचा छन् । गत वर्ष तीन हजार छ सय मेट्रिक टन सुन्तला उत्पादन भएको म्याग्दीमा यो वर्ष चार हजार सात सय ८१ मेट्रिक टन उत्पादन भएको छ । म्याग्दीका कृषकले यस वर्ष रु ३३ करोड ४६ लाख मूल्य बराबरको सुन्तला बिक्री गरेका कृषि ज्ञान केन्द्रका प्रमुख बास्तोलले बताए । गत वर्ष रु २४ करोड मूल्य बराबरको सुन्तला बिक्री भएको थियो ।

सरदर प्रतिकिलो रु ७० का दरले सुन्तला बिक्री भएको छ । यस वर्ष प्रतिहेक्टर ११ दशमलब २५ मेट्रिक टनका दरले सुन्तला उत्पादन भएको छ । गत वर्ष प्रतिहेक्टर आठ दशमलव छ मेट्रिक टनका दरले सुन्तला उत्पादन भएको थियो । कृषि ज्ञान केन्द्रका प्राविधिकहरूले 'क्रप कटिङ' विधिबाट सुन्तलाको उत्पादनको अवस्थाको बारेमा उत्पादनको अवस्था पहिचान गरेका हुन् । नयाँ बगैंचा विस्तार, अनुकूल मौसम र रोगकीराको समस्या नियन्त्रण भएकाले सुन्तलाको उत्पादन गत वर्षको तुलनामा करिब २५ प्रतिशतले बढेको हो । जिल्ला सदरमुकाम बेनीका साथै राजधानी काठमाडौँ, पोखरा, मुग्लिनलगायतका बजारमा सुन्तला बिक्री भएको छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, कृषि ज्ञान केन्द्र र स्थानीय तहको कृषि शाखाले सुन्तलाका बिरुवा वितरण, प्राविधिक तालिम, बगैंचा व्यवस्थापन, साना सिँचाइ र बजारीकरणमा सहयोग गर्दै आएका छन् । यस वर्ष चार सय रोपनीमा सुन्तला बगैंचा सुदृढीकरण कार्यक्रम सञ्चालन र थप ४० रोपनीमा खेती विस्तार गर्ने कार्यक्रम रहेको कृषि ज्ञान केन्द्रले जनाएको छ । सुन्तला म्याग्दीमा बिक्री हुने प्रमुख कृषिउपज हो ।-रासस

# 'नैतिक र व्यवहारिक शिक्षा आजको आवश्यकता'

**पाल्पा,** फागुन ३/रामपुर नगरपालिकाका नगर प्रमुख रमणबहादुर थापाले व्यवहारिक र नैतिक शिक्षा आजको अवश्यवकता रहेको बताएका छन् । जनविकास माध्यमिक विद्यालय रामपुरको ६२ औं वार्षिक उत्सवको समापन कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।



उनले नैतिक शिक्षाको अभावमा पछिल्लो समय हरेक क्षेत्रमा वितृष्णा, निरासा र नकारात्मक पक्ष हावी हुँदै गएको उल्लेख गर्दै व्यवहारिक र नैतिक शिक्षा आजको अवश्यवकता रहेकोमा जोड दिए । नगरपालिका भित्रका विद्यालय भौतिक रुपमा सम्पन्न भएको भन्दै सुविधा सम्पन्न भौतिक संरचनाको सदुपयोग गर्दै समाज परिवर्तन र विकास गर्न सक्ने खालको दक्ष जनशक्ति उत्पादनमा जोड दिन नगर प्रमुख थापाले आग्रह । विद्यार्थीहरुको इच्छा र चाहाना अनुसार विद्यालय शिक्षा प्रदान गर्न सके मात्र विद्यालय शिक्षा प्रभावकारी हुने उनले औंल्याए । कार्यक्रममा लुम्बिनी प्रदेशका निवर्मान सांसद युवराज खनालले शैक्षिक गुणस्तर वृद्धिसँगै गुणस्तरीय शिक्षा प्रदान गरेर अझ विद्यालयको महत्व र प्रभाव बढाउन आवश्यक रहेको बताए । रामपुर नगरपालिका -३ का वडा अध्यक्ष दामोदर पाठकले विद्यालयले स्थापनाकालदेखि यस क्षेत्रको शैक्षिक उन्नयनका लागि पुऱ्याएको योगदानको चर्चा गर्दै विद्यालयको सर्वाङ्गिण विकासका लागि सबै एक भएर लाग्नु पर्ने बताए । कार्यक्रममा रामपुर नगरपालिका नगर शिक्षा समितिका सदस्य तथा रामतुलसी माध्यमिक विद्यालयका प्रधानाध्यापक बालकृष्ण लम्सालले विभिन्न विद्यालयमा विद्यार्थी संख्या घट्नु चुनौतीको रुपमा रहेको भन्दै जनसंख्या घट्दा यो समस्या आएको उल्लेख गरे । यस्तै विद्यालयका शिक्षक प्रतिनिध कृष्णकला भण्डारीले पेशा र विद्यार्थीहरुको उज्ज्वल भविष्यलाई प्राथमिकता दिएर अध्यापन गर्दै आएको बताइन् । विद्यालय व्यवस्थापन समितका अध्यक्ष उमनाथ अर्यालले विभिन्न समस्या र चुनौतीकाबिच पनि गुणस्तरिय शिक्षा प्रदानका लागि विद्यालय लागि रहेको भन्दै विद्यालयको विकासका लागि सबैको साथ अपरिहार्य रहेको बताए ।

कार्यक्रममा विद्यालयका प्रधानाध्यापक पशुपति खनालले विद्यालयको वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए । लेखापाल सुन्दर विकले २ करोड १० लाख ९७ हजार ९ सय ४९ बराबरको आर्थक प्रतिवेदन प्रस्तुत गरे । विद्यालय व्यवस्थापन समितका अध्यक्ष उमनाथ अर्यालको अध्यक्षता, सहायक प्रधानाध्यापक विजय कुमार अधिकारको स्वागत, शिक्षक ध्रुव पोखरेलको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

# ब्ल्याक बुल्सलाई पोखरा गोल्डकपको उपाधि



**काठमाडौं,** फागुन ३/विभागीय टोली नेपाल पुलिस क्लबलाई हराउँदै उज्बेकिस्तानको ब्ल्याक बुल्स एफसीले २४ औं संस्करणको पोखरा गोल्डकप फुटबलको उपाधि जितेको छ ।

६ पटक उपाधि जितेको पुलिस पहिलो पटक फाइनलमा पुगेको ब्ल्याक बुल्ससँग पराजित भयो । ब्ल्याक बुल्स पहिलो सहभागितामै विजेता बन्यो । पोखरा रङ्गशालामा शनिबार भएको फाइनलमा ब्ल्याक बुल्सले पुलिसलाई ३-१ गोलले हरायो । ब्ल्याक बुल्सका जाखोन्गिर अख्मदोभ, असिल्बेक ओरिफ्जोनोभ र साभ्कत्जोन सात्तोरोभले गोल गरे । पुलिसले एक गोल आत्मघाती उपहार पायो । सेमिफाइनलमा पुलिसले 'ए' डिभिजन लिगको विजेता चर्च ब्वाइजलाई र ब्ल्याक बुल्सले ५ पटकको विजेता थ्री स्टारलाई हराएको थियो । ब्ल्याक बुल्सले उपाधिसँगै १२ लाख १ हजार र उपविजेता बनेको पुलिसले ६ लाख १ हजार रुपैयाँ पुरस्कार प्राप्त गरेको छ । प्रतियोगितामा १२ वटा टोली सहभागी थिए ।


**वर्गिकृत डिस्प्ले**

१ X ५ साइजमा मात्र

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# सरकारको बजेट खर्च सुस्त, सात महिनामा ४० प्रतिशत मात्रै




**पाल्पा,** फागुन ३/सरकारले विकास निर्माणका आयोजनालाई गति दिन नसक्दा बजेट खर्चको अवस्था पनि दयनीय रहेको पाइएको छ । सरकारले चालु आर्थिक वर्ष सकिन ५ महिना मात्र बाँकी रहेका बेला न्यून बजेट खर्च गरेको हो ।

महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्क अनुसार वार्षिक लक्ष्यको तुलनामा यो अवधिसम्म सरकारको खर्च ४० दशमलव ५८ प्रतिशत रहेको छ । आम्दानी भने ४४ दशमलव ८३ प्रतिशत छ । चालु आर्थिक वर्ष २०८१/८२ को माघ मसान्तसम्ममा सरकारको आम्दानी र खर्च दुवै कमजोर देखिएको हो । सरकारले चालु आर्थिक वर्षका लागि १८ खर्ब ६० अर्ब ३० करोड ३० लाख रुपैयाँ बराबरको बजेट ल्याएको थियो भने १४ खर्ब ७१ अर्ब ६२ करोड ९५ लाख रुपैयाँ बराबर राजस्व उठाउने लक्ष्य राखेको थियो । तर आयव्यय दुवै कमजोर भएपछि सरकारले अर्धवार्षिक समीक्षामार्फत् सुरुवाती विनियोजनको तुलनामा ९० दशमलव ९९ प्रतिशत मात्रै बजेट खर्च गर्ने संशोधित अनुमान गरेको छ । अर्थात् चालु आर्थिक वर्षमा १६ खर्ब ९२ अर्ब ७३ करोड २५ लाख रुपैयाँ बराबर मात्रै बजेट खर्च गर्ने संशोधित अनुमान छ । सुरुवाती विनियोजनको तुलनामा माघ मसान्तसम्म सरकारको चालु खर्च ४५ दशमलव ८२ प्रतिशत छ । चालुगत शीर्षकमा ११ खर्ब ४० अर्ब ६६ करोड ४५ लाख रुपैयाँ विनियोजन भएकोमा सात महिनामा पाँच खर्ब २२ अर्ब ६२ करोड ५३ लाख रुपैयाँ खर्च भएको छ । त्यस्तै, पुँजीगत शीर्षकमा तीन खर्ब ५२ अर्ब ३५ करोड ४० लाख रुपैयाँ बजेट विनियोजन भएकोमा ६८ अर्ब ४१ करोड ५९ लाख रुपैयाँ मात्रै खर्च भएको छ ।

अर्थात् सुरुवाती विनियोजनको तुलनामा हालसम्मको पुँजीगत खर्च १९ दशमलव ४२ प्रतिशत हो । सार्वजनिक ऋणको साँवा र ब्याज तिर्नका लागि प्रयोग हुने वित्तीय व्यवस्था शीर्षकको हालसम्मको खर्च ४४ दशमलव छ प्रतिशत रहेको छ । चालु आर्थिक वर्षका लागि वित्तीय व्यवस्था शीर्षकमा तीन खर्ब ६७ अर्ब २८ करोड ४५ लाख रुपैयाँ बजेट रहेकोमा हालसम्म सुरुवाती विनियोजनको ४४ दशमलव ६ प्रतिशत खर्च भएको छ ।

# रम्भाको फोक्सिङ्गकोटमा...

...होमस्टेको कारण फोक्सिङ्गकोटको विकासमा महत्वपूर्ण योगदान पुग्ने समेत उनले विश्वास व्यक्त गरे । उनले भने,'अब फोक्सिङ्गकोटमा आउने मोटरबाटो स्तरउन्नती हुनेछ, पर्यटकीय पुर्वाधारहरु निर्माण हुनेछन् ।' संघ, प्रदेश र स्थानीय सरकार मिलेर फोक्सिङ्गकोटको विकासमा अगाडि बढ्ने समेत सांसद आचार्यले बताए ।

लुम्बिनी प्रदेश स्वास्थ्य मन्त्री सारुले होमस्टे सञ्चालन हुनु राम्रो पक्ष भएकाले पाहुनाहरुलाई सन्तुष्टि गराउन सके यहाँका जनताहरु घरमै बसी बसी आम्दानी गर्न सक्ने बताए । 'हामी सबैको चाहाना गाउँलाई सुखी सम्बृद्धि बनाउने भएकोले स्थानीय उत्पादन, स्थानीय कलासंस्कृती र प्राकृतिक अवलोकनको अभियानबाट नै गाउँमा प्रशस्त आम्दानी गर्न सकिन्छ' उनले भने । होमस्टे कार्यक्रमको लागि आवश्यक पर्ने पुर्वाधार, तालिम, तथा प्रचार-प्रसारमा प्रदेश सरकारको सहयोग रहने मन्त्री सारुले बताए ।

कार्यक्रममा सहायक प्रमुख जिल्ला अधिकारी भक्तिसरा राना, माथागढी गाउँपालिकाका अध्यक्ष यमबहादुर चिदी, गाउँपालिका उपाध्यक्ष राधा कुमारी श्रेष्ठ, नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सिना, होमस्टे महासंघ नेपालका केन्द्रिय उपाध्यक्ष धनीश्वर बस्याल, जिल्ला समन्वय समितिका सदस्य भोवीसरा सारु, वडा नं १ का वडा अध्यक्ष इश्वरी काफ्ले, रम्भा गाउँपालिकाका प्राविधिक शाखाका प्रमुख इन्जिनियर दिपककुमार सारु, समाजसेवी हुमबहादुर सुनारी, हेमराज अर्याल, धनबहादुर पौड्ेल, विष्णु पछाईं लगायतले सबै पक्षको सहयोगमा होमस्टेलाई सफल बनाउनुपर्नेमा जोड दिए । कार्यक्रम रम्भा गाउँपालिकाका अध्यक्ष विष्णुप्रसाद भण्डारीको अध्यक्षता, गीता नेपालको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# रामपुर नगर सरकारले...

घरपालुवा जनावर भए पनि भुस्याहा कुकुरको कारण नगरमा आतंक फैलिरहेको बताउँदै उनले कुकरबाट सर्न सक्ने क्यान्सरको जोखिम न्यूनिकरणको लागि शिविरले महत्वपूर्ण भूमिका खेल्नेमा विश्वास व्यक्त गरे । नगर प्रमुख थापाले भने, 'भुस्याहा कुकुरको संख्या वृद्धि हुँदै जाँदा कतिपय स्थानमा पशु चौपायासँगै मानिसलाई टोक्नुका साथै बालबालिकालाई लखेट्ने लगायतका घटना हुँदै आएका छन् ।

कुकुरबाट रेविजसँगै क्यान्सर रोग सर्ने सम्भावना भएकाले यसको न्यूनिकरण र कुकुरको संरक्षणसँगै संख्या नियन्त्रण गर्न स्थायी बन्ध्याकरण विकल्प बनेको छ ।' बन्ध्याकरणले भुस्याहा कुकुरको जनसंख्या घटाउन र कुकुरकै कारण बढने सडक दुर्घटनामा समेत कमी ल्याउने अपेक्षा गरिएको उनले बताए । शिविरमा बोल्दै उपप्रमुख बालकुमारी थापाले सामुदायिक कुकुरको कल्याण र मानव स्वास्थ्यका लागि शिविर सञ्चालन गरिएको बताइन् । संख्या धेरै हुँदा आहारको कमी आउने भएकाले व्यवस्थापनसँगै संरक्षणका लागि स्थायी बन्ध्याकरण र रेविज विरुद्धको भ्याक्सिन शिविर सञ्चालन गर्नु परेको उनको भनाई छ । बन्ध्याकरण शिविरले कुकुरको संख्या नियन्त्रण र कुकुरकै कारण हुने अन्य दुर्घटनामा समेत कमी आएको उप्रमुख थापाले बताइन् । रेविज रोगको जोखिम बढ्दै गएकाले कुकुरको व्यवस्थापन तथा संख्या न्यूनिकरणका गर्नु परेको नगरपालिकाका सामाजिक विकास समितिका संयोजक दुर्गादेवि भण्डारी गौतमले बताइन् । कुकुरको संख्या बढ्दै जाँदा आहारको अभावमा थप आक्रामक हुने, मानव स्वास्थ्य र मान्छेमा सर्ने रेविज रोग नियन्त्रण र न्यूनिकरणका लागि एक मात्र विकल्प स्थायी बन्धयाकरण भएको पशुचिकित्सक डा. अविनास क्षेत्रीले बताए । नेपाल पत्रकार महासंघ पाल्पाका सहसचिव दुर्गेश मल्लले बन्ध्याकरण गरेका कुकुरले मानिसलाई हानी नपुऱ्याउने भन्दै रेविज जस्तो प्राणघातक रोगबाट बचाउन यो कार्यक्रम उत्कृष्ट रहेको धारणा व्यक्त गरे ।

शिविरमा नगरभित्र रहेका कुकुरहरु संकलन गरी स्थायी बन्ध्याकरण गरिएको कार्यक्रम संयोजक इन्दु पन्थीले जानकारी दिइन् । नगरपालिकाले यस आर्थिक वर्ष सामुदायिक कुकुर व्यवस्थापनका लागि तीन लाख रुपैयाँ बजेट विनियोजन गरेको र सोही बजेट अनुसार कुकुरको स्थायी बन्ध्याकरण गरी रेविज विरुद्धको भ्याक्सिन दिईएको नगरपालिकाका पशु शाखा प्रमुख तुलसीराम काफ्लेले बताए । सामुदायिक कुकुरको संख्या बढ्दै जाँदा बाटोमा हिड्ने मानिसलाई मात्र नभै पशु चौपाया पनि आक्रमण गरेर त्रसित बनाउने र रेविज लगाएतका घातक रोग सार्न सक्ने जोखिम बढ्दै गएपछि विगत तीन वर्षदेखि स्थायी बन्ध्याकरण शिविर सञ्चालन गर्दै आएको नगर प्रमुख थापाले बताए ।

नगरपालिकाले बजेट विनियोजन गरी शिविर सञ्चालन गर्दै आएको उनको भनाई छ । कुकुरबाट पशु चौपायासँगै मानिसमा रेविज तथा अन्य प्राणघातक रोगको जोखिम बढ्न सक्ने भएपछि यस्तो शिविर सञ्चालन गरिएको नगरपालिकाका नगर प्रमुख रमणबहादुर थापाले बताए । उनले भने, 'सहरी क्षेत्रमा छाडा कुकुरहरुले झुण्ड बनाएर मानिस तथा पशुमा आक्रमण गर्न थालेपछि न्यूनीकरणको लागि बन्ध्याकरण गर्न थालेका हौं ।'


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई